**A synopsis Report on**

==========================================================

## National Human Rights Conference Organized by Human Rights Alliance

**13 -14 Nov 2010**

**Kathmandu**

A two days National Human Rights Conference has been concluded in Kathmandu on 14th Nov 2010. The conference was inaugurated by Hon. Prime Minister Madhav Kumar Nepal on 13th Nov 2010 which was run for two days. The objective of the program was to discuss on the thematic papers of Constituent Assembly regarding the rights of marginalized and excluded people with CA members and civil society organizations. And the second objective of the program was to assist Constituent Assembly by providing the suggestions, comments and opinions of the people identifying the lacks and gaps in thematic papers.

Eighteen CA members from different parties actively participated for two days by presenting the papers on the rights of marginalized and excluded groups based on thematic committees in which they belong. More than 150 participants attended in the program from 45 districts inclusively i.e. representing from Dalits, Janajatis, Madhesi, Muslim, Mahila, third sex, PWD and people from Karnali Pradesh. Civil society leaders and representations from government bodies, UN body, INGOs were also there. Altogether ten sessions were run for two days in which civil society leaders and actors chaired the different sessions and commented by the CA members.

At the opening session of the conference, Mr. Ganesh B.K., Chairperson of Human Rights Alliance, stated that HR Alliance had conducted this event to contribute on the human rights protection and promotion when there is rampant situation of the human rights violation in the nation. He also informed that Human Rights Alliance had thought to develop a human rights activist in each VDCs of Nepal as an its mid-term goal.

The Chief Guest of the program, Madhav Kumar Nepal, PM, said, "Nepalese people are facing so many problems in this transitional phase of the state but there will be no any lacking from the government side to protect the life and the property of people." He expressed his view on human rights saying as "Human Right is nothing different than the issues of the people in their day to day life." Highlighting the

contribution of the civil society, PM advised to social organizations to give priority on the economic, social and cultural rights of the people which could change the life style of the poor people in fact.

"People's Movement in 2062/063 and Comprehensive Peace Agreement, 2007 have explicitly directed all the political parties to complete the Constitution making and conclude Peace process by forging consensus, coordination and unity", he added during his speech, "But knowing these things as a genuine national concern and principle, we all remained unsuccessful." He urged Maoist to be positive in integration of PLA in accordance with the CPA and other consensus made among the political parties. He expressed his strong descent towards the army force kept by Maoist saying as, "No political parties, in democratic system, have their own army force." PM expressed guilty for doing everything in the past without settlement of PLA and claimed that the spirit of People's Movement in 2062/063 and CPA could not be completed under the shadow of gun.

PM revealed the weaknesses from the government side for not properly implementing the laws that Nepal signed on international treaties and covenants regarding the human rights. "We put them even in our own laws but remained weaknesses in effective implementation", he said at the conference. He took some program name done from the government side in regards of human rights sector and said, "Government has established National Human Rights Commission, Human Rights Cell in Nepal Army, Police and Human Rights Committee in the Legislative Parliament which can be taken as an indicator of the government's positive role in human rights field."
At the end of his speech, PM emphasized that the development should be linked with the right of people. Giving assurance to the public from the Government side, PM said, "We will incorporate the rights of all people in new coming Constitution."

There were other guest speakers from different sectors. Mr. Daman Nath Dhungana, former House Speaker and senior human rights leaders, Mr. Gauri Pradhan, spokesperson at NHRC, Robert Recci from OHCHR, Mr. Pasang Sherpa, CA members, Ms. Rajju Malla Dhakal from ESP and Ram Krishna Lakandri from Dalit NGOs including others delivered their speech at the opening session.

At the closing session of the Conference, Nilamber Acharya, chairperson at Constitutional Committee, was chief guest and received the appeal/memorandum handed over by HR Alliance. He committed that the issues mentioned in the memorandum would be addressed by the government as its guideline. "This paper (appeal) puts presser on the government to think once again seriously about the rights of the marginalized and excluded people truly", he said at receiving the memorandum.

## Output of the Conference

- A Fifteen point's declaration paper has been submitted to the Chairperson of Constitutional Committee of CA. (see Annex I for more details)
- PM expressed his due concern to the protection and promotion of human rights of marginalized and excluded people.
- Nilamber Acharya, Chairperson at Constitutional Committee, expressed his commitment to address the issues raised in the memorandum.
- CA members expressed their acknowledgement to the concerns, suggestions and comments of the people (participants).
- Participants those who came in the program from different districts, got chance to interact with CA members face to face and also put their concerns to them lively.
- Participants were introduced with the latest progress of the Constitution making, Peace process and the rights of those marginalized and excluded people mentioned in the thematic paper.
- CA members expressed their commitments to endorse the points raised in the hall in CA House.
- CA members expressed their happiness for organizing such program to interact with people lively after the long term of CA election.

## Some momentous glimpse at the Conference

- Chief Guest- Hon. Prime Minister, Madhav Kumar Nepal
- Inauguration of the Program- Prime Minister, Madhav Kumar Nepal
- Chief Guest in closing session- Hon. Nilamber Aachary, chairperson at Constitutional Committee
- Paper Presentation/commentators- 18 CA members. A large number of CA Members actively took place in the conference. Papers were presented only those CA members who were belong to the particular thematic committee. The commentators were also from the same committee at CA.
    - among them 7 were women and 2 Dalit CA Members
- Representation from Govt bodies/commission- Mr, Gauri Pradhan, spokesperson at NHRC, Mr, Ram Krishna Lakandri, member of National Dalit Commission.
- National figures from Civil Society- Mr, Daman Nath Dhungana, Mr, Pasang Sherpa, Dr. Kapil Shreshtha, Mr. Charan Prasai, Dr. Netra Timsina, Mr. Bishnu Pukar Shreshtha
- Representation from International organizations/INGO- Robert Recci from OHCHR, Ms. Rajju Malla Dhakal, chief at ESP, Nepal
- Total Session- Ten. The sessions were run on the thematic papers of the CA focusing the issues related to marginalized and excluded people
- Paper presenter/commentator/chairperson in each session was different in term of political affiliation/ideology, caste, sex or in geographical location where they reside.
- Participants in the program were from dalit, Janajati, women, Brahmin/Kshetri, Haliya, Tarai-Madhesi and Muslim representing from 40 districts.
- Discussed vibrantly on the draft papers presented by CA members focusing the issues incorporated in the CA thematic papers and points to be included in CA draft papers.
- It was face to face interaction between participants and CA members. CA members and participants got chance to say and hear the voice of each other. Updated the participants about latest progress of the Constitution making and Peace process.

**Annex - I**

## मानवअधिकार एलाइन्सद्वारा

## २०६७ कार्तिक २७ र २८ गते

## ललितपुरमा आयोजित मानवअधिकार राष्ट्रिय सम्मेलनबाट पारित ।

## आगामी संविधानमा सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायको अधिकार सुनिश्चितताका लागि संवैधानिक समितिका माननीय सभापति निलाम्बर आचार्य समक्ष प्रस्तुत ध्यानाकर्षण पत्र २०६७

**प्रस्तावना :**

नेपाल सरकारको वैधानिक कानुन २००४, नेपालको अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, राजाद्वारा घोषणा भएका थिए । नेपाल अधिराज्यको संविधान २०४७ तत्कालीन शक्ति केन्द्र राजा, नेपाली कांग्रेस र वाममोर्चा प्रतिनिधिहरुले बनाएर राजा मार्फत घोषणा गरिएको थियो । उपरोक्त संविधान निर्माण प्रक्रियामा अल्पसंख्यक, सिमान्तीकृत तथा वहिष्करणमा पारिएका समुदायहरु दलित, जनजाति, मधेशी,अपाङ्ग, दुर्गम क्षेत्रका जनता, महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक लगायतका वर्ग तथा समुदायको कुनै सहभागिता भएन जसका कारण मुलुकले आर्थिक, सामाजिक, सांस्कृतिक स्वरुपका असंख्य समस्याहरु भ्mेल्नु परिरहेको यथार्थतालाई महसुस गर्दै,

संयुक्त राष्ट्र संघको वडापत्र १९४५, मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी अभिसन्धी १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्वन्धी अभिसन्धी १९६६, सबैप्रकारका जातीय विभेद उन्मुलन सम्वन्धी अन्तरराष्ट्रिय महासन्धी १९६५, महिला उपर हुने सबैप्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी १९७९, वालअधिकार महासन्धी १९८९, दासत्व विरुद्धको महासन्धी १९२६, आइ एल ओ कन्भेन्सन १६९ लगायतका महासन्धी, अभिसन्धी र विभिन्न आलेख/प्रलेख एवं त्यसका ऐच्छिक आलेख/प्रलेख र मानवअधिकारका विश्वव्यापी मूल्य र मान्यतालाई आत्मसात गर्दै,

नेपालको लोकतान्त्रिक तथा मानवअधिकार तथा सामाजिक न्याय प्राप्तिका लागि मुलुकमा संचालन भएका विभिन्न आन्दोलनहरु १० वर्षे सशस्त्र विद्रोह, तत्कालीन सात दलीय गठवन्धन र नेकपा माओवादी वीच सम्पन्न भएका १२ बुँदे सहमती, २०६२/०६३ मा सम्पन्न दोस्रो जनआन्दोलन, नेपाल सरकार र तत्कालीन माओवादी वीच भएको विस्तृत शान्ति सम्झौता २०६३, नेपालको अन्तरिम संविधान २०६३, तराई मधेश, आदिवासी जनजाती, पिछडावर्ग, थारु, दलित, महिला लगायत आन्दोलनहरुसँग भएका सम्झौता सहमतीहरुका मर्म, भावनाहरुप्रति ध्यानाकर्षण गराउँदै,

हामी मुलुकका ४५ जिल्लाबाट प्रतिनिधित्व गर्ने १२० वटा मानवअधिकारकर्मी संस्था तथा अल्पसंख्यक तथा वहिष्करणमा पारिएका समुदायका प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न यस मानवअधिकार राष्ट्रिय सम्मेलनको अवसरमा २०६८ जेष्ठ १४ गतेभित्र नै नेपालका दलित, आदिवासी/जनजाति, मधेशी, अपाङ्ग, यौनिक तथा लैंगिक अल्पसंख्यक, पिछडिएको वर्ग र क्षेत्रका वालवालिका, यूवा, जेष्ठ नागरिक, एकल महिला, सुकुम्वासी, भूमिहिन, विस्थापित तथा सीमान्तकृत समुदायको अपनत्व हुने गरी लोकतान्त्रिक एवं मानवअधिकारमंत्री संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माणको कार्य निर्धारित समयमै सम्पन्न गर्नुपर्ने राष्ट्रिय दायित्वप्रति संवेदनशील हुन आव्हान गर्दै लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान सभा संवैधानिक समितिका माननीय अध्यक्ष निलाम्बर आचार्य समक्ष तपसीलमा उल्लेखित बुँदाहरु नयाँ बन्ने संविधानमा समावेश हुन सकुन् भनी यो ध्यानाकर्षण पत्र प्रस्तुत गर्दछौं ।

ध्यानाकर्षणका बुँदाहरु

१ जातीय छुवाछूत लगायतका भेदभाव विरुद्ध सामाजिक अपराधको सट्टा गम्भिर सामाजिक अपराधको रुपमा संविधानमा उल्लेख गरिनुपर्ने । साथै जातीय तथा सबैखाले सामाजिक भेदभावलाई सार्वजनिक र नीजि दुवै क्षेत्रबाट अन्त्य गर्ने संवैधानिक व्यवस्था गरिनुपर्ने ।

२ मौलिक अधिकार र मानवअधिकारका बीचको फरक प्रष्ट हुने गरि मौलिक हक र राज्यका नीति तथा सिद्धान्त सम्वन्धी अवधारणा पत्रमा आवश्यक परिमार्जन गरिनुपर्ने । खास गरी मौलिक अधिकार कार्यान्वयन गर्ने सीमा तथा अवधि तोकिनु मानवअधिकारको वर्खिलाप हुन जाने देखिएको हुँदा सो प्रावधानलाई मानवअधिकारमैत्री बनाउनुपर्ने ।

३ अल्पसंख्यक, सिमान्तकृत तथा बहिष्करणमा परेका समुदायहरुको शिक्षा, स्वास्थ्य, आवास, भूमि, रोजगारी, सूचना, खाद्य जस्ता अधिकारहरुलाई विशेष क्षेत्रको रुपमा स्थापित गरी सो को कार्यान्वयनका लागि भरपर्दो सकारात्मक विभेद सहितको संयन्त्रको सुनिश्चितता गरिनुपर्ने ।

४ मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्डहरुले निर्दिष्ट गरेका सिद्धान्त, मान्यता र प्रावधान तथा नेपालको भौगोलिक, सामाजिक सांस्कृतिक यथार्थलाई मध्यनजर गरी सिमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायको अधिकारलाई सामाजिक र सांस्कृतिक ऐक्यवद्धताको आधारको रुपमा सुनिश्चित गरिनुपर्ने ।

५ राज्यका निर्देशक सिद्धान्तहरु मौलिक अधिकार तथा मानवअधिकार सम्वन्धी प्रावधानहरुलाई पूरा गर्ने राज्यको नीति तथा कार्यक्रमको रुपमा हेरिनुपर्ने ।

६ प्रस्तावित संवैधानिक आयोगहरुलाई स्वतन्त्र, स्वायत्त, अधिकार सम्पन्न र प्रभावकारी बनाउने संवैधानिक सुनिश्चितता हुनु पर्ने ।

७ अल्पसंख्यक एवं सिमान्तकृत समुदाय र पिछडिएका वर्ग तथा क्षेत्रका समुदायहरुको हितका लागि अधिकार सम्पन्न आयोगको संरचनामा यौनिक तथा लैंगिक अल्पसंख्यक, अपांगता भएका, एकल महिला, मुक्त हलिया, मुक्त कमैया, भूमिहिन आदि जस्ता समुदायहरुको प्रतिनिधित्वको व्यवस्था सुनिश्चित गरिनुपर्ने ।

८ मानवअधिकारको रक्षा र प्रवर्द्धनको क्षेत्रमा रहेका सबैखाले समस्याहरु समाधानका लागि तत्कालिन रुपमा अधिकार सम्पन्न आयोग जस्ता संरचनाहरुका साथै दिर्घकालीन रुपमा राज्यका सबै तहहरुमा एकीकृत र विस्तृत संरचनाहरुको व्यवस्था गरिनुपर्ने ।

९ अल्पसंख्यक एवं सिमान्तीकृत समुदाय र पछाडी पारिएको वर्ग भित्र समेत अत्यन्त पछाडी पारिएका अल्पसंख्यक, उत्पीडन र बञ्चितीकरणमा परेकाहरुलाई राज्यका नीति, योजना तथा कार्यक्रमहरुमा पहिलो प्राथमिकता दिई विशेष अधिकारको प्रावधान अनिवार्य रुपमा उल्लेख गरिनुपर्ने ।

१० राज्यको पुनर्संरचना तथा शक्तिको बाँडफाँडको सन्दर्भमा हाल उठिरहेको केन्द्रबाट प्रान्तमा मात्र शक्तिको बाँडफाँड गर्ने विषयमा छलफल चलिरहेको वर्तमान सन्दर्भमा यसले विभिन्न स्थानीय वर्ग, तह र तप्काका नागरिकहरुको राज्यको शासन प्रणालीमा सिधा पहुँच स्थापित हुन नसक्ने भएकोहुँदा स्थानीय निकायमा समानुपातिक समावेशी सिद्धान्तमा आधारित उक्त वर्गको शासकीय अधिकार स्थापित हुने संवैधानिक सुनिश्चितता हुनु पर्ने ।

११ यौनिक तथा अल्पसंख्यक समुदायको हक अधिकार अब बन्ने संविधानमा सुनिश्चित गरी वि.सं २०६४ पौष ६ गते सर्वोच्च अदालतले गरेको फैसलाको कार्यान्वयन हुनुपर्ने ।

१२ सबै मानवअधिकारहरुको रक्षा र प्रवर्द्धनको सुनिश्चितता गर्ने निकाय पहिचान गरी सो निकायको क्षेत्राधिकारको संविधानमा सुनिश्चित गरिनुपर्ने ।

१३ संविधान सभाका सदस्यहरुको अथक प्रयासबाट सहमति भइसकेका प्रस्तावित संवैधानिक प्रावधान तथा अल्पसंख्यक, सिमान्तकृत तथा बहिष्करणमा परेका समुदायहरुका अधिकारहरु अन्य विभिन्न संयन्त्रहरु स्थापना गरी पुनरावलोकन गर्ने नाममा कुण्ठित हुने गरी संशोधन गर्न नहुने ।

१४ सबै खालका राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक आन्दोलनहरुको भावना तथा मर्मलाई संविधानको प्रस्तावनामा स्वीकार गरिनुपर्ने ।

१५ राजनीतिक पार्टीहरुका सबै तहहरुमा गठन, पुनर्गठन र संचालन प्रक्रियामा अल्पसंख्यक, सिमान्तकृत तथा बहिष्करणमा परेका नागरिकहरुका संलग्नता र अर्थपूर्ण सहभागिता सुनिश्चितताको व्यवस्था गरिनुपर्ने ।

**सम्मेलनबाट पारित समसामयिक प्रस्तावहरु :**

**यो सम्मेलन :**

१ मुलुकमा राजनैतिक असहमतीका कारण हाल सम्म आर्थिक वर्ष २०६७/०६८ को बजेट आउन नसकेका कारण विकास प्रक्रियामा अवरोध सिर्जना भएको छ । जसले गर्दा अल्पसंख्यक तथा पछाडि पारिएको समुदायलाई प्रत्यक्षतः नकारात्मक असर पुगिरहेको छ । यसकारण राजनैतिक सहमती कायम गरी तत्काल वजेट ल्याउन आग्रह गर्दछ ।

२ नेपालको अन्तरिम संविधान २०६३ तथा विस्तृत शान्ति सम्झौतामा प्रतिबद्धता जाहेर भएका संक्रमणकालीन न्यायको प्रत्याभूत गराउन आधारभूत पूर्वाधारहरु सत्य निरुपण तथा मिलमिलाप आयोग, बेपत्ता व्यक्तिहरुको खोजवीन सम्बन्धी आयोग, राज्यको पुनःसंरचना सम्बन्धी आयोग, ठूला तीन दलहरुको मात्र सहमतीमा हुनेगरी भईरहेका निर्णयहरुले सिमान्तीकरण र वहिष्करणमा पारिएका समुदायका अधिकारहरु प्रति वेवास्ता हुने खतरा देखिएकाले तत्काल राष्ट्रिय सहमती कायम गरी संवैधानिक सिद्धान्त निर्माण गरि निर्णय प्रक्रियामा अघि वढ्न जोडदार माग गर्दछ ।

३ छठ पर्वको अवसरमा जनकपुरमा एक जनाको हत्या, महोत्तरीमा भएको शिक्षक तथा कर्मचारीहरुको हत्या लगायत देशका विभिन्न भागमा भइरहेका मानवअधिकार हननका घटनाहरुप्रति यो सम्मेलन घोर भर्त्सना गर्दै पीडितलाई न्याय र अपराधीलाई कार्वाहीगरी दण्डहिनताको अन्त्यका लागि माग गर्दछ । साथै तराइ लागाएत देशका विभिन्न भागमा सशस्त्र गरि रहेको समुहहरु पहिचान गरि अविलम्म वार्ता गरि समस्याको समाधान गर्न माग गर्दछ ।

४ नेपालको अन्तरिम संविधान २०६३ र विस्तृत शान्ति सम्झौतामा प्रतिवद्धता जाहेर भएका संक्रमणकालीन न्यायको प्रत्याभूत गराउन आधारभूत पूर्वाधारहरु सत्य निरुपण तथा मेलमिलाप आयोग, वेपत्ता व्यक्तिहरुको खोजवीन सम्वन्धी आयोग, राज्यको पुनर्संरचना सम्वन्धी आयोग, शान्ति सम्झौता अनुगमन संयन्त्र निर्माण गर्न जोडदार माग गर्दछ ।

५ विश्व आर्थिक संकट, भूमण्डलीय उष्णीकरणका कारण उत्पन्न जलवायु परिवर्तनबाट उत्पन्न संकट, अन्तरराष्ट्रिय ऋण लगायतका संकटहरुका कारण गरिब, सिमान्तीकृत र वहिष्करणमा पारिएका जोखिम उन्मुख समुदायहरुको जीविकोपार्जनमा झन वढी प्रभाव पर्नजाने भएको हुँदा उक्त समुदायको जीविकोपार्जन सुनिश्चित गर्न संवैधानिक उपचारको व्यवस्था गरिनुपर्नेमा जोडदार माग गर्दछ ।

६ कर्णाली लगायतका भौगोलिक विकटता तथा खाद्य अभाव भएका क्षेत्रमा खाद्य उत्पादनको अधिकार, खाद्य स्रोतमा पहुँच, खाद्य क्रयशक्तिको निर्माण, खाद्य उपलब्धताको स्थिती सिर्जना गर्न माग गर्दछ ।

७ मानवअधिकार उल्लंघनका घटनाहरु रिपोर्टिंग गदा पत्रकारहरको ज्यान खतरामा परिरहेका तथ्यहरु सार्वजनिक भइरहेकाछन् । संचाकर्मीहरुको जीउधन र निर्वाध रुपमा समाचार संकलन गर्ने अधिकार संरक्षण गरियोस् साथै मुलुकमा संचारकर्मीहरुमाथी हुने गरेका आक्रमण तुरुन्त वन्द गरियोस् । साथै हाल सम्मका पत्रकारहरुका हत्याराहरुलाई सख्त कार्वाही गरियोस् र पीडित पत्रकार परिवारको संरक्षण गरियोस् ।

८ सन् २०१० लाई महिला हिंसा विरद्धको वर्षकोरुपमा मनाईरहेको अवस्थामा महिला विरुद्धहुने सबै किसिमका हिंसा, अन्याय, अत्याचार तथा बलत्कारका घटनालाई तत्काल रोकी घटनामा प्रत्यक्ष वा परोक्षरुपमा संलग्न हुनेलाई निरुत्साहित पारी महिलाको सम्मानपूर्वक बाँच्न पाउने हकलाई सुनिश्चित गर्न नेपाल सरकारसंग माग गर्दछ ।

९ वर्माको सैनिक सरकारले भर्खरै मात्र त्यहाँको प्रजातन्त्रवादी नेता आंग सांग सुचीलाई नजरबन्दबाट रिहाई गरेकोमा यो सम्मेलन खुसी व्यक्त गर्दछ । साथै उहाँको व्यक्तिगत स्वतन्त्रताप्रति सम्मान गर्न बर्मा सरकार समक्ष हार्दिक आग्रह गर्दछ ।

१० सम्मेलनको उद्घाटन सत्रका प्रमुख अतिथी सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपाल, सो समारोहका अतिथि तथा आमन्त्रीत महानुभावहरु, सम्मेलनको अवसरमा आएर आफ्ना विचारहरु राखिदिने र टिप्पणी गर्नुहरु माननीय सभासद्ज्यूहरु, कार्यक्रमको सेसनमा अध्यक्षता गरिदिनुहुने अध्यक्षज्यूहरु र समापन सत्रको प्रमुख आतिथ्यता ग्रहण गरिदिनुहुने संवैधानिक समितिका माननीय सभापति निलाम्बर आचार्य ज्यू र अन्य अतिथी महानुभावहरुमा यो सम्मेलन हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

२०६७ कार्तिक २८ गते आइतबार, कुपण्डोल, ललितपुर, नेपाल

धन्यवाद ।

अध्यक्ष

गणेश वि.के.

मानवअधिकार एलाइन्स